# प्रदेश सभा
# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः५६**

**मितिः२०८१।११।२१**

## छलफल तथा निर्णय

**निर्णय १**

सुदूरपश्चिम प्रदेश सरकारको अनुदानमा निर्माण सम्पन्न भएका कैलाली, कञ्चनपुर र डडेल्धुरामा रहेका कोल्डस्टोरहरुको विद्यमान अवस्थाका सम्बन्धमा मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म सामाजिक विकास समितिका तर्फबाट भएको अनुगमन, अवलोकन र निरिक्षणको प्रतिवेदन समितिको बैठकमा पेश भयो।

**निर्णय २**

आजको बैठकमा सामाजिक विकास समितिका तर्फबाट मिति २०८१।१०।२८ गतेदेखि मिति २०८१।११।०३ सम्म कैलाली, कञ्चनपुर र डडेल्धुराका विभिन्न स्थानहरुमा निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका शीत भण्डार (Cold Store) हरुको अनुगमन, अवलोकन र निरिक्षण गरिएको व्यहोरा अवगत गराउँदै अनुगमनबाट प्राप्त वस्तुस्थितिका सम्बन्धमा छलफल गरियो। प्रतिवेदनमा उल्लेख भएको वस्तुस्थितिका सम्बन्धमा समितिका माननीय सदस्य शिवराज भट्ट, माननीय जानकी देवी कुँवर, माननीय खुशिराम डगौरा थारु, माननीय माया पन्त र माननीय कैलाश चौधरीले आफ्नो धारणा तथा जिज्ञासा राख्नुभएको थियो। तत्पश्चात समितिका माननीय सदस्यहरुबाट उठाईएका जिज्ञासा र प्रश्नहरुका सम्बन्धमा जवाफ दिनका लागि माननीय सभापतिबाट समय उपलब्ध भएपछि भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयका निमित्त सचिव गोकुल बोहरा र कृषि विकास निर्देशनालयका महानिर्देशक खगेन्द्र प्रसाद शर्माले आफ्नो धारणा राख्नु भयो।

**निर्णय ३**

सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लामा निर्माणाधीन तथा निर्माण सम्पन्न भएका सबै कोल्डस्टोरहरुको छनौट तथा कार्यान्वयनका सम्बन्धमा मन्त्रालयबाट तयार भएका कार्यविधि, मापदण्ड लगायतका कानुनी दस्तावेज, योजनाको स्विकृत लागत अनुमान, सम्झौता तथा यथार्थ खर्च विवरण र बेरुजु भए सो समेतको प्रमाणित प्रतिलिपिहरु ५ दिन भित्र समितिमा उपलब्ध गराउन भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय ४**

सुदूरपश्चिम प्रदेश सरकारबाट शिक्षा र स्वास्थ्यसँग सम्बन्धित विषयमा निर्माण गरिएका विद्यमान कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्नका लागि विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गर्ने प्रयोजनका लागि समितिका सभापति र समिति सचिवको समन्वयमा मिति तय गरी समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।

**निर्णय ५**

अर्को सुचना जारी नभएसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो।